निर्वाचन आयोग, नेपाल
जिल्ला निर्वाचन कार्यालय, धादिङ्ग
DISTRICT ELECTION OFFICE, DHADING

प.स.०७९।०८०
च.नं. २०४

मिति:२०७९।११।१७

श्री प्रमुख प्रशासकीय अधिकृतज्यू,
सबै स्थानीय तहहरु, धादिङ्ग ।

**विषयः सहयोग सम्बन्धमा ।**

संवत् २०८० साल बैशाख १० गते चितवन जिल्लाको निर्वाचन क्षेत्र नं २ मा हुने उपनिर्वाचन प्रयोजनको लागि मतदाता नामावली अद्यावधिक (दाबी बिरोध समेत), २०७९ कार्यक्रम मिति २०७९ फागुन २३ देखी चैत्र १ गते सम्म सञ्चालन हुने विदितै छ ।

निर्वाचन आयोगलाई आवश्यक सहयोग, समन्वय, तथा सहजीकरण गर्नु स्थानीय तहको समेत संवैधानीक दायित्व भएकोले उक्त कार्यक्रम सम्बन्धमा तपसिल बमोजिमको सहयोग गरिदिनहुन अनुरोध छ ।

१. पालिकाले वडामा मिति २०७९ फागुन २१ गते सम्म वडास्तरीय मतदाता नामावली पुर्याइदिनुको साथै यसै पत्र साथ संलग्न सूचना टाँस गरि मिति २०७९ फागुन २२ गते सबै वडामा मतदाता नामावली प्रकाशन गर्न व्यवस्था गरिदिनहुन ।

२. सम्पूर्ण वडाले मतदातालाई फाटोसहितको मतदाता नामावली हेर्न दिनुको साथै कुनै मतदाताले चाहेमा, झुठा विवरण दिई मतदाता नामावलीमा नाम समावेश भएको नामको सम्बन्धमा दिने उजुरीको ढाँचा अनुसूची-३ (क), त्रुटी सच्याउन दरखास्त दिने फारमको ढाँचा अनुसूची-३(ख), मतदाता नामावलीमा रहेको दोहोरो नाम हटाउन दिने निवेदनको ढाँचा अनुसूची-(४), मतदाता नामावलीबाट नाम हटाउन दिने सूचनाको ढाँचा अनुसूची-५ (क),५ (ख), ५ (ग), ५ (घ), मतदाता नामावलीमा रहेको वडा भित्रको कुनै अर्को मतदान स्थलमा विवरण सच्याउन दरखास्त दिने अनुसूची (६) बमोजिमको अनुसूची फाराम भरि जिल्ला निर्वाचन कार्यालय, धादिङमा स्वयमं उपस्थित भई वा निर्वाचन कार्यालयको ईमेल ठेगाना ec.deo.dhading@gmail.com वा निर्वाचन आयोगको pre-enrollment प्रणाली (applyvr.election.gov.np मा अद्यावधिक मेनु मार्फत) वा अन्य कुनै माध्यमबाट **२०७९ फागुन २३ देखि २५ गते** सम्म निवेदन दिन उपरोक्त बमोजिमको यसै पत्रसाथ संलग्न अनुसूची वडा तथा पालिकाले उपलब्ध गराइदिन हुनको साथै कुनै मतदाताले इमेल गरिदिन हुन अनुरोध गरेमा इमेल गर्न सहयोग गरिदिनहुन ।

३. वडाले प्राप्त गरेको फोटोसहितको मतदाता नामावली सुरक्षित प्रयोग गर्ने व्यवस्था गरिदिनु हुन ।

४. वडा स्तरीय फोटो सहितको मतदाता नामावली, सम्बन्धित अनुसूची फारामहरु यसै पत्रसाथ संलग्न राखी पठाईएको छ ।

२०७९/११/१७

**बोधार्थ:**
श्री निर्वाचन आयोग, कान्तिपथ, काठमाण्डौं ।
श्री वडा (१०४ वटै): समयंमै क्रियाकलापहरु सञ्चालन गरिदिनु हुन ।

# जिल्ला निर्वाचन कार्यालय धादिङको सूचना

यही मिति २०७९ फागुन २३ देखि २०७९ चैत्र ०१ गतेसम्म निर्वाचन आयोगले देशभरमा मतदाता नामावली अद्यावधिक (दावी बिरोध समेत) कार्यक्रम, २०७९ सञ्चालन गर्दैछ । उक्त कार्यक्रम अनुसार २०७९ फागुन २२ गते सम्बन्धित नगरपालिका वा गाउँपालिकाको सम्पूर्ण वडाहरुमा मतदाता नामावली प्रकाशन हुन्छ । तसर्थ, मतदाता नामावलीमा रहेको आफ्नो नाम वा विवरणमा कुनै त्रुटि भए त्रुटि सच्याउन, आफ्नो नाम दोहोरो परेको भए हटाउन, मृत्यु भएका वा नागरिकता त्याग गरेका मतदाताको नाम हटाउन र कसैले झुट्टा विवरण दिई मतदाता नामावलीमा नाम समावेश गरेको भए सोको विरोधमा उजुरी गर्न जिल्ला निर्वाचन कार्यालयमा उपस्थित भई वा यस कार्यालयको ईमेल ठेगाना ec.deo.dhading@gmail.com वा निर्वाचन आयोगको pre-enrollment प्रणाली (website: applyvr.election.gov.np )को अद्यावधिक मेनु वा अन्य कुनै विधि मार्फत निर्वाचन आयोगले तोकेको ढाँचामा मिति २०७९ फागुन २३ गते देखि २०७९ फागुन २५ गते भित्र निवेदन दिन हुन सबैको जानकारीका लागि अनुरोध छ ।

2065/6/94